जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक २२८ • २०८३ जेठ २५ गते सोमवार • 8 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मल, गुणस्तरीय बिउ, सिँचाइ सुविधा तथा कृषि पूर्वाधारको अभावका कारण गम्भिर समस्यामा किसान

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २४ जेठ**

धान रोपाइँको मुख्य सिजन सुरु भएसँगै महोत्तरी जिल्लाका किसान मल, गुणस्तरीय बिउ, सिँचाइ सुविधा तथा कृषि पूर्वाधारको अभावका कारण गम्भिर समस्यामा परेका छन् । आवश्यक कृषि सामग्री समयमै उपलब्ध नहुँदा खेतीपाती प्रभावित हुने र यस वर्ष धान उत्पादनमा समेत उल्लेख्य गिरावट आउन सक्ने किसानहरूको चिन्ता छ ।



जिल्लाका औरही, गौशाला, बर्दिबास, बलवा, लोहारपट्टी, जलेश्वर, मटिहानी लगायत क्षेत्रमा किसान धान रोपाइँ तथा नर्सरी तयारीमा व्यस्त रहेका छन् । तर रासायनिक मलको आपूर्ति सहज नहुँदा किसानहरू निजी बजारबाट चर्को मूल्यमा मल खरिद गर्न बाध्य भएका छन् । सरकारी अनुदानमा उपलब्ध हुनुपर्ने युरिया तथा डिएपी मल पर्याप्त नहुँदा बजारमा अभावसँगै मूल्यवृद्धि समेत देखिएको छ । किसानका अनुसार गुणस्तरीय बिउको अभावले उत्पादन क्षमतामा प्रत्यक्ष असर पार्ने अवस्था बनेको छ ।

पर्याप्त वर्षा नहुँदा नहर प्रणालीबाट पानी आपूर्ति हुन नसक्नु, साथै विद्युत् आपूर्तिमा देखिएको अनियमितता र कम भोल्टेजका कारण बोरिङ तथा ट्युबवेल सञ्चालनसमेत प्रभावित भएको छ । वैकल्पिक रूपमा डिजेल पम्पसेट प्रयोग गर्नुपर्ने बाध्यताले उत्पादन लागत समेत उल्लेख्य रूपमा वृद्धि भएको किसानको भनाइ छ। सिँचाइको मुख्य स्रोत अवरुद्ध हुँदा खेतमा लगाइएको बाली सुक्न थालेको र पानीको अभाव झनै गहिरिँदै गएको किसानले बताएका छन् । औरही २ का किसान दिनेश यादवले भन्नुभयो, बढ्दो तापक्रमका कारण जमिनमा चिस्यान घट्दै जाँदा खेतीयोग्य जमिनमा लगाइएको बाली जोगाउन कठिन भइरहेको छ । सिँचाइको वैकल्पिक व्यवस्था नहुँदा कृषि उत्पादनमा प्रत्यक्ष असर पर्ने अवस्था सिर्जना भएको छ। औरही नगरपालिका-२ के अर्का किसान घनश्याम यादवले बन्द अवस्थामा रहेको डिप बोरिङप्रति सम्बन्धित निकायको गम्भिर उदासीनता देखिएको बताउनुभयो। उहाँका अनुसार केही वर्षअघि सञ्चालनमा आएको सो डिप बोरिङ हाल किन बन्द भयो भन्ने विषयमा स्पष्ट जानकारी छैन ।

उहाँले तीन तहको सरकारमध्ये नजिकको सरकार स्थानीय सरकार भए पनि समस्या समाधानतर्फ ठोस पहल नभएको गुनासो गर्नुभयो। "दिनप्रतिदिन तापक्रम बढ्दै गएको छ, खेतमा लगाइएको बाली सुक्न थालेको छ, तर डिप बोरिङ किन बन्द भयो भन्ने विषयमा खोजबिनसमेत भएको छैन," उहाँले बताउनुभयो । यता विद्युत्को भोल्टेज कम भएर स्यालो ट्युब समेत नचलेको गुनासो किसानको रहेको छ ।

कम भोल्टेज, सिँचाइ ट्रान्सफर्मरको अभाव तथा विद्युत् आपूर्तिमा देखिएका समस्याका कारण किसान प्रभावित भएको भन्दै महोत्तरीको गौशालास्थित नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रमा गौशालाका सेवाग्राही तथा किसानहरूले ज्ञापनपत्र समेत बुझाएका छन् । शुक्रबार स्थानीय सेवाग्राहीको एक समूहले वितरण केन्द्रका प्रमुख उपप्रबन्धक उमेशप्रसाद यादवलाई ज्ञापनपत्र बुझाउँदै कृषि प्रयोजनका लागि आवश्यक विद्युत् सेवा सहज बनाउन माग गरेका हुन् ।

ज्ञापनपत्रमा कम भोल्टेज र ट्रान्सफर्मर अभावका कारण किसानहरू खेतमा सिँचाइ गर्नबाट वञ्चित हुनुपरेको उल्लेख गरिएको छ। ज्ञापनपत्र बुझ्दै वितरण केन्द्र प्रमुख यादवले विद्युत् सेवाप्रति सेवाग्राहीका गुनासा र मागप्रति प्राधिकरण गम्भिर रहेको बताउनुभयो । मागको चाप उच्च रहेकाले उपलब्ध स्रोत-साधन र प्राथमिकताका आधारमा समस्याहरू क्रमिक रूपमा समाधान गरिने उहाँको भनाइ थियो। जिल्लाका अन्य क्षेत्रहरू गौशाला, बर्दिबास, लोहारपट्टी, जलेश्वर, मटिहानी र बलवामा समेत मल, बिउ र सिँचाइको समस्या देखिएको छ ।

# निर्माणाधीन इनारमा काम गर्ने क्रममा निसास्सिएर एक युवकको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २४ जेठ**



महोत्तरीको गौशाला नगरपालिका-१२ पररियास्थित निर्माणाधीन इनारमा काम गर्ने क्रममा निसास्सिएर एक युवकको मृत्यु भएपछि वडा अध्यक्षसहित पाँच जना विरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जाहेरी दर्ता गरिएको छ ।

सर्लाहीको ईश्वरपुर नगरपालिका-१३ निवासी चन्द्रप्रकाश महतोले आफ्ना २१ वर्षीय छोरा बसन्त कुमार कुशवाहाको मृत्यु लापरवाहीका कारण भएको आरोप लगाउँदै इलाका प्रहरी कार्यालय गौशालामा जाहेरी दिनुभएको हो । जाहेरीअनुसार निर्माणाधीन इनारभित्र रुखको जरा काट्ने क्रममा प्रयोग गरिएको मेसिनबाट निस्किएको धुवाँका कारण बसन्त कुमार कुशवाहा निसास्सिएर बेहोस भएका थिए ।

गम्भीर अवस्थामा रहेका उनलाई तत्काल उपचारका लागि अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए । पीडित परिवारले गौशाला नगरपालिका-१२ का वडा अध्यक्ष कुशेश्वर सिंह कुशवाहासहित पाँच जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी कसुरमा जाहेरी दर्ता गराएको छ । परिवारले इनारभित्रको जोखिमबारे जानकारी हुँदाहुँदै पर्याप्त सुरक्षा सतर्कता नअपनाई काममा लगाइएको तथा गम्भीर लापरवाहीका कारण युवकको ज्यान गएको आरोप लगाएको छ । इलाका प्रहरी कार्यालय गौशालाले जाहेरी दर्ता गरी घटनाको अनुसन्धान प्रक्रिया अघि बढाएको जनाएको छ । प्रहरीका अनुसार पोस्टमार्टम प्रतिवेदन, घटनास्थल मुचुल्का, प्रत्यक्षदर्शीको बयान तथा अन्य प्रमाणका आधारमा घटनाको विस्तृत अनुसन्धान भइरहेको छ।घटनाका मुख्य आरोपितमध्ये रहेका वडा अध्यक्ष कुशेश्वर सिंह कुशवाहासँग प्रतिक्रिया लिन प्रयास गरिए पनि सम्पर्क हुन सकेन । समाचार तयार पार्दासम्म उहाँको आधिकारिक प्रतिक्रिया प्राप्त हुन सकेको छैन।यस घटनाले स्थानीय तहअन्तर्गत सञ्चालन हुने निर्माण तथा पूर्वाधारसम्बन्धी काममा श्रमिक सुरक्षाको विषयलाई पुनः गम्भीर रूपमा उठाएको छ ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




## न्यायपालिकामा रूपान्तरणको खाँचो

*राज्यप्रति जनतामा विश्वास बढाउनको लागि धेरै सुधारको आवश्यक रहेको देखिन्छ । भाद्र २३ र २४ को आन्दोलन जनतामा बढेको अविश्वासको परिणाम थियो, अब पनि जनतामा विश्वास जनाउने गरी राज्यले जिम्मेवारी निर्वाह गर्न सकेन भने यस्ता घटना फेरि नदोहरिएलान् भनी भन्न सकिन्न। भ्रष्टाचार मुलुकको प्रमुख समस्या रहेको देखिन्छ । प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा न्यायालयमा पनि भ्रष्टाचारले आफ्नो खुट्टा घुमाउने गरेका छन भन्ने टिप्पणी धेरै कोणमात्र सुन्ने गरिएका छन । त्यसलाई चिर्न सक्नु पनि नेतृत्वको जिम्मेवारी रहेको देखिन्छ । न्यायालय भ्रष्टाचारमुक्त भयो भने मुलुकमा नै भ्रष्टाचार कमजोर हुने देखिन्छ । भ्रष्टाचार नियन्त्रणमा न्यायालय कठोर र निर्मम भयो भने कार्यपालिका मार्फत हुने गरेका भ्रष्टाचारका दर निकै घट्नेछ । कार्यपालिकामा हुने भ्रष्टाचार नियन्त्रण हुन सक्यो भने समग्रमा मुलुकको विकास हुनेछन । नागरिकमा राज्यप्रति विशेष भरोसा बढ्नेछ । न्याय सबैका लागि सहज हुनुपर्छ ।*

*तर, विविध कारणले गर्दा आज पनि न्यायालय सबैको पहुँचको क्षेत्र हुन सकिरहेको छैन । महँगो न्याय प्रणालीको कारण साधारण मानिसले न्यायका लागि ढोका ढकढकाउन हिम्मत नै गर्न सक्दैन । न्यायालयले गरेका कैयौं फैसला समयमा कार्यान्वयन हुन नसकेर मात्र होइन, कार्यान्वयन नै नभएर अर्को समस्या थुप्रिएको देखिन्छ। फैसलापछि पनि दोषीले सजाय नपाउनु, पीडितले क्षतिपूर्ति र अधिकार नपाउनु तथा अदालतले गरेको फैसला कार्यान्वयन गराउन नै दोस्रो मुद्दा अघि बढाई लामो समय झमेला र अनावश्यक खर्चको जन्जालमा फस्नुपर्ने अवस्थाले गर्दा नागरिक आजित भएको समेत देखिन्छ। यी समस्या समाधानका लागि पनि न्यायपालिकामा विशेष रूपान्तरणको खाँचो परिरहेका छन ।*

# करिब छ दशकको प्रतीक्षापछि जग्गाधनी दर्ता प्रमाणपुर्जा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २४ जेठ**

महोत्तरीको गौशाला नगरपालिका-४, रजखोरका बेचन साहीले आफ्नो जीवनको अधिकांश समय एउटै घरमा बिताउनुभयो । बुवाबाजेले बसोबास गर्दै आएको त्यही घरघडेरीमा उहाँले परिवार हुर्काउनुभयो तर यति लामो समयसम्म पनि उहाँसँग त्यो जग्गा आफ्नै भएको प्रमाणित गर्ने आधिकारिक कागजात थिएन ।

करिब छ दशकको प्रतीक्षापछि शुक्रबार उहाँको हातमा जग्गाधनी दर्ता प्रमाणपुर्जा (लालपुर्जा) पऱ्यो । उहाँले भन्नुभयो, "हामीले बर्सौंदेखि यही जग्गा भोगचलन गर्दै आएका थियौं तर स्वामित्वको कागज थिएन । "आज लालपुर्जा पाएपछि अब यो जग्गा हाम्रो हो भन्ने कानुनी प्रमाण प्राप्त भएको छ । यति धेरै वर्षपछि सरकारले हाम्रो समस्या सम्बोधन गरेको महसुस भएको छ ।" बेचन साही जस्तै रजखोरका अन्य ३३ परिवारका लागि पनि शुक्रबारको दिन विशेष बन्यो । नापी कार्यालय महोत्तरीको पहलमा गाउँब्लक



क्षेत्रको नापजाँच तथा आवश्यक प्रक्रिया पूरा भएपछि ३४ परिवारलाई लालपुर्जा वितरण गरिएको हो । स्थानीय किशोरी दासका लागि पनि यो दिन अविस्मरणीय रह्यो ।

बर्सौंदेखि बसोबास गर्दै आएको जग्गाको स्वामित्व प्रमाणपत्र नहुँदा विभिन्न समस्या भोग्नु परेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "हामीसँग जग्गा थियो तर त्यसको कानुनी प्रमाण थिएन । सरकारी कामकाजमा समस्या हुन्थ्यो, बैङ्कबाट ऋण लिन पनि सहज थिएन ।

अब लालपुर्जा पाएपछि हाम्रो जग्गामाथिको अधिकार स्थापित भएको छ । भविष्यमा छोराछोरीलाई पनि सहज हुने छ ।" रजखोरका धेरै परिवार पुस्तौंदेखि एउटै ठाउँमा बसोबास गर्दै आए पनि 'गाउँब्लक' क्षेत्रको व्यवस्थाका कारण लालपुर्जाबाट वञ्चित थिए । कानुनी स्वामित्वको प्रमाण नहुँदा उनीहरूमा सधैं अन्योल र असुरक्षाको भावना रहने गरेको थियो । स्थानीयका अनुसार लालपुर्जा नहुँदा सम्पत्तिको किनबेच, नामसारी, बैङ्किङ कारोबार लगायतका काममा कठिनाइ हुने गरेको थियो । कतिपयले आफ्नै घरघडेरीमा बसोबास गरे पनि कानुनी रूपमा पूर्ण स्वामित्व स्थापित गर्न नसकेको पीडा बर्सौंदेखि बोकेर हिँडेका थिए ।

शुक्रबार आयोजित लालपुर्जा वितरण कार्यक्रममा अधिकांश लाभग्राहीका अनुहारमा खुसी स्पष्ट झल्किन्थ्यो । कसैले लालपुर्जा छातीमा टाँसेर तस्बिर खिचाए भने कसैले एकअर्कालाई बधाई दिँदै लामो प्रतीक्षाको अन्त्य भएको अनुभूति साटे । एक स्थानीय ज्येष्ठ नागरिकले भन्नुभयो, "हामीले कहिले लालपुर्जा पाइन्छ भन्ने आशा लगभग छाडिसकेका थियौं तर आज हातमा कागज आएपछि मन हलुका भएको छ ।" लाभग्राहीको खुसीसँगै कार्यक्रममा सहभागी जनप्रतिनिधि तथा सरकारी अधिकारीले बाँकी रहेका योग्य नागरिकलाई पनि क्रमशः लालपुर्जा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो । महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य प्रमोदकुमार महतोले स्थानीयको दशकौँ पुरानो समस्या समाधानतर्फ महत्वपूर्ण उपलब्धि हासिल भएको बताउँदै बाँकी योग्य परिवारलाई पनि लालपुर्जा वितरण गरिने जानकारी दिनुभयो । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गाउँब्लक क्षेत्रको नापजाँच तथा लालपुर्जा वितरण अभियानलाई निरन्तरता दिइने बताउनुभयो ।

# लागुऔषध दुर्व्यसन विरुद्धको अभियानमा सरकार दृढतापूर्वक लागेः मन्त्री चौधरी

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २४ जेठ**

मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शङ्करप्रसाद चौधरीले लागुऔषध दुर्व्यसन विरुद्धको अभियानमा सरकार दृढतापूर्वक लागिरहेको बताउँदै यसको नियन्त्रणका लागि सबै सरोकारवाला पक्षबीच एकता र सहकार्य आवश्यक रहेको बताउनुभएको छ ।

नेपाल-भारत मैत्री युवा सङ्घद्वारा आइतबार जनकपुरधाममा आयोजित 'लागुऔषधविरुद्ध जनचेतना अभियान' कार्यक्रममा मन्त्री चौधरीले लागुऔषधको बढ्दो प्रयोग समाजका लागि गम्भीर चुनौती बन्दै गएको उल्लेख गर्नुभयो। विशेषगरी युवापुस्तामा यसको प्रभाव बढ्दै गएकाले सचेतना अभिवृद्धि र रोकथामका



कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । सङ्घका धनुषा अध्यक्ष बजरङ्ग यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वक्ताहरूले लागुऔषधको दुरुपयोगले सामाजिक, शैक्षिक तथा पारिवारिक क्षेत्रमा नकारात्मक असर पारिरहेको धारणा राख्दै यसको नियन्त्रणका लागि सरकारी निकाय, शैक्षिक संस्था, अभिभावक र समुदायबीच समन्वयात्मक प्रयास अपरिहार्य रहेको बताए ।

उनीहरूले विद्यालय तहदेखि नै नियमित जनचेतना मूलक कार्यक्रम सञ्चालन गरी विद्यार्थी तथा युवालाई लागुऔषधको दुर्व्यसनबाट जोगाउन आवश्यक रहेको उल्लेख गरे। साथै, लागुऔषधमुक्त समाज निर्माणका लागि यस्ता अभियान प्रभावकारी हुने विश्वास व्यक्त गर्दै समाजका हरेक तहमा सचेतना विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा सहभागी विद्यार्थी, शिक्षक तथा अन्य सरोकारवालाले पनि लागुऔषध विरुद्ध जनचेतना फैलाउने प्रतिबद्धता व्यक्त गरेका थिए। आयोजक संस्थाले आगामी दिनमा समेत समाजमा सकारात्मक सन्देश प्रवाह गर्दै लागुऔषध नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

कार्यक्रममा नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका सचेतक तथा प्रदेशसभा सदस्य कुमरकान्त झा, प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री शेषनारायण यादव, सङ्घका महासचिव कृष्ण सिंह, नयाँ मुस्कान सुधार केन्द्रका पदाधिकारी, विभिन्न विद्यालयका विद्यार्थी तथा शिक्षकहरूको सहभागिता रहेको थियो ।

## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः आम्दानी हुने
मिथूनः पिछडेको साथी मिल्न
कर्कटः खानपानमा समस्या आउने
सिंहः अनावश्यक चिन्ता
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः पढाईमा ध्यान दिनुपर्ने
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः अशुभ समाचार प्राप्त हुने
कूम्भः लामो यात्राको योग छ
मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# बेइजिङमा मौनता: चीनको राजनीतिक रङ्गमञ्च खुल्दै जाँदा निवेदकहरूलाई प्रतिबन्ध लगाइँदै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ जेठ**




बेइजिङले आफ्नो सबैभन्दा महत्त्वपूर्ण वार्षिक राजनीतिक बैठक आयोजना गर्दा, सावधानीपूर्वक व्यवस्थित कार्यभन्दा बाहिरको कथा देखा परेको छ - दबाब, निगरानी र प्रणालीगत अवरोधको ।

जब चीनको नेतृत्व "दुई सत्र" को लागि भेला हुन्छ, जसले एकता र नीति निर्देशन प्रदर्शन गर्दछ। देशभरका निवेदकहरूले आफ्नो गुनासो व्यक्त गर्न सक्नु अघि नै हिरासतमा राखिएको, अवरुद्ध गरिएको वा मौन पारिएको रिपोर्ट गर्छन् । याचिका प्रणालीमा दबाब: स्थानीय अधिकारीहरू विरुद्ध नागरिकहरूलाई गुनासो दर्ता गर्ने माध्यमको रूपमा डिजाइन गरिएको चीनको प्रशासनिक निवेदन प्रणालीलाई लामो समयदेखि गुनासो समाधानको माध्यमको रूपमा प्रचार गरिएको छ । नागरिकहरू प्राय: बेइजिङमा जग्गा कब्जादेखि भ्रष्टाचार वा कानुनी अन्यायको आरोपसम्मका विवादहरूमा वरिष्ठ अधिकारीहरूले हस्तक्षेप गर्नेछन् भन्ने आशामा यात्रा गर्छन् । यद्यपि, निवेदकहरू र अधिकारकर्मीहरूको अनुभवले यो प्रणाली वास्तवमा अत्यधिक दमनकारी भएको सङ्केत गर्छ। दुई सत्र जस्ता राजनीतिक रूपमा संवेदनशील समयमा, स्थानीय सरकारहरूले "स्थिरता कायम राख्न" प्रयासहरू तीव्र पार्छन् । यी प्रयासहरू निवेदकहरूलाई राजधानी पुग्नबाट रोक्नको लागि लक्षित छन्, जहाँ उनीहरूको उपस्थितिले राजनीतिक व्यवस्थाको छविलाई कमजोर पार्न सक्छ । रिपोर्टहरूले सङ्केत गर्दछ कि निवेदन दिने यो विधि धेरैका लागि अप्रभावी मात्र होइन, तर उजुरीकर्ताहरूलाई निगरानी, रुरुउत्पीडन र हिरासतको बढ्दो जोखिममा पनि पार्छ ।

# यौन उत्पीडनको झुटो आरोप लगाएको स्वीकार गरेपछि अभिनेत्री शिल्पा शिन्दे विवादमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ जेठ**



टेलिभिजन अभिनेत्री शिल्पा शिन्देको एउटा हालैको सनसनीपूर्ण खुलासालाई लिएर 'अल इन्डिया सिने वर्कर्स एसोसिएसन' ले आपत्ति जनाएको छ । कमेडियन भारती सिंह र हर्ष लिम्बाचियाको पडकास्टमा कुराकानी गर्दै शिल्पाले चर्चित टिभी शो 'भाभीजी घर पर हैं' का निर्मातामाथि आफूले यौन उत्पीडनको झुटो आरोप लगाएको स्वीकार गरेकी थिइन् ।

यो बयान सार्वजनिक भएपछि एसोसिएसनले महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसलाई यस मामिलामा हस्तक्षेप गरी कानुनी कारबाही गर्न माग गरेको छ। अर्कोतर्फ, सामाजिक सञ्जालमा भइरहेको तीव्र आलोचनाका बिच शिल्पाले एक भिडियो सेयर गर्दै आलोचकहरूलाई जवाफ फर्काएकी छन् । एसोसिएसनले एक आधिकारिक विज्ञप्ति जारी गर्दै शिल्पा शिन्देको यो स्वीकारोक्तिप्रति गहिरो दुःख र निराशा व्यक्त गरेको छ। एसोसिएसनका अनुसार यस्ता कदमका कारण समाजमा गम्भीर र नकारात्मक परिणामहरू आउन सक्छन् । यौन उत्पीडनको झुटो आरोप लाग्दा कुनै पनि निर्दोष व्यक्तिको सम्मान, परिवार, बालबाच्चा, करियर र मानसिक स्थितिमा कहिल्यै निको नहुने गरी चोट पुग्ने एसोसिएसनले उल्लेख गरेको छ। यसले समाजमा सम्बन्धित व्यक्तिको छवि सधैँका लागि धमिल्याइदिने विज्ञप्तिमा भनिएको छ । एसोसिएसनले महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीससँग यस पूरा मामिलाको निष्पक्ष र गम्भीर छानबिन गर्न अपिल गरेको छ । यदि कसैले नियतवश वा योजनाबद्ध रूपमा झुटो आरोप लगाएको प्रमाणित हुन्छ भने कानुन अनुसार कडाभन्दा कडा कारबाही हुनुपर्ने माग संस्थाको छ ।

# बजेटले बढाएन सेयर बजारमा उत्साह, सातामै २६ अंकको गिरावट

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ जेठ**



सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि बजेट घोषणा गरेपछिको साप्ताहिक सेयर बजारमा उत्साह देखिएन । यस अवधिमा नेप्से परिसूचकसँगै कारोबार रकम र कारोबार संख्यामा पनि कमी आउनुले सेयर बजारमा लगानीकर्ताको उत्साह नदेखिएको देखिन्छ । यसअनुसार गत साता समग्र नेप्से साढे २६ अंकले घटेको छ ।

सातामा नेप्से तीन दिन बढेको छ भने दुई दिन घटेको छ । तीन दिनमा नेप्से ५१.५५ अंकले बढ्यो भने दुई दिनमा २४.८७ अंकले घट्यो । साप्ताहिक कारोबारमा भने नेप्से २६.६९ अंकले घटेको तथ्यांक छ । दुईतिहाइ निकट बहुमतको सरकार, नागरिकको ठूलो अपेक्षा र अर्थशास्त्री अर्थमन्त्री स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षका लागि बजेट सार्वजनिक गरेपछिको पहिलो साता सेयर बजारमा दोहोरो अंकको गिरावट आएको छ। बजेटमार्फत सरकारले सेयर बजारमा लाग्दै आएको पुँजीगत लाभकर नै अन्तिम भएको घोषणा गरेको छ। यससँगै लाभकर अन्तिम हुने/नहुने भन्ने लामो समयदेखिको विवाद टुंगिए पनि सेयर बजार बढ्न सकेन । जानकारहरूले बजार बढ्न नसक्नुका दुई कारण औंल्याएका छन् । पहिलो, लगानीकर्ताको गिरेको मनोबल उकास्ने काम बजेटले पनि गरेन ।

दोस्रो, पुँजीगत लाभकरको दर बढाइयो । पछिल्ला महिनामा धितोपत्र कारोबारसँग सम्बन्धित विषयमा केही उद्योगी व्यवसायीबारे अनुसन्धान गरिरहेकाले अरू लगानीकर्ता पनि त्रासमा रहेको र यसको असर सेयर बजारमा परेको नेपाल इन्भेस्टर्स फोरमका पूर्वअध्यक्ष अम्बिका पौडेलले बताए ।

# एसियन गेम्स क्रिकेट छनोट : ओमानलाई हराउँदै नेपाल फाइनलमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ जेठ**



सिंगापुरमा भइरहेको एसियन गेम्स पुरुष क्रिकेट छनोटको सेमिफाइनलमा नेपालले ओमानमाथि सहज जित निकाल्दै फाइनलमा प्रवेश गरेको छ ।

सिंगा ओभल ग्राउन्डमा आइतबार विहान भएको खेलमा नेपालले ओमानमाथि ८ विकेटको जित हासिल गरेको हो । ओमानले दिएको ९५ रनको सामान्य लक्ष्य नेपालले ९.२ ओभरमा २ विकेटको क्षतिमा पूरा गर्‍यो । नेपालका लागि लोकेश बमले सर्वाधिक ४४ रन बनाएर अविजित रहे । रोहित पौडेल २१ रनमा अविजित रहे । त्यसअघि कुशल भुर्तेलले २० अनि आसिफ शेखले १ रन बनाए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको ओमानले १९.४ ओभरमा अलआउट हुँदै ९४ रन बनाएको थियो । ओमानका लागि कप्तान सुफिया मेहमुदले सर्वाधिक ३८ रन बनाए । जुबेर अली अकबरले २२ रन बनाए ।

नेपालका लागि करण केसीले ३ विकेट लिए । सोमपाल कामी, सन्दीप लामिछानेले २-२ विकेट लिए । शाहब आलम, दीपेन्द्रसिंह ऐरी, कुशल मल्लले १-१ विकेट लिए ।

# वन संरक्षणका लागि गस्तीमा खटिएको टोलीमाथि आक्रमण गर्ने साह पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २४ जेठ**



रौतहटमा वन संरक्षणका लागि गस्तीमा खटिएको टोलीमाथि आक्रमण गर्ने गुजरा नगरपालिका २ मैढा गाउँ बस्ने वर्ष २६ का राजकिशोर साहलाई प्रहरी टोलीले वीरगन्जबाट पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र प्रहरी चौकी वीरगन्ज बिर्ताको संयुक्त टोलीले लुकिछिपी बसेको अवस्थामा शनिबार साँझ आरोपी राजकिशोरलाई वीरगन्जबाट पक्राउ गरेको हो ।

हाल उनी इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको हिरासतमा रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी वसन्त गौतमले बताएका छन् । सहायक वन अधिकृत राजकुमार चौधरीको जाहेरीको आधारमा प्रतिवादी राजकिशोर साह लगायतमाथि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा ज्यान मार्ने उद्योग मुद्दा दायर भई जिल्ला अदालत रौतहटबाट पक्राउ आदेश जारी भएको थियो। काठ चोरी भइरहेको सूचनाका आधारमा जङ्गल क्षेत्रमा पुगेको डिभिजन वन कार्यालय र रङ्गपुर साझेदारी वन उपभोक्ता समितिको संयुक्त टोलीमाथि गत १९ गते राती साढे १२ बजे राजकिशोर लगायतको समूहले आक्रमण गरेको हो। आक्रमणमा डिभिजन वन कार्यालयका सहायक वन अधिकृत राजकुमार चौधरी, वन रक्षक सुरेन्द्र चौधरी, रङ्गपुर साझेदारी वन उपभोक्ता समितिका सदस्य अर्जुन चौधरी र विमल थापा तथा गस्ती गाडीका चालक अरविन्द पटेलसमेत घाइते भएका थिए ।

रङ्गपुर साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष अशोक यादवका अनुसार वन क्षेत्रमा काठ चोरी भइरहेको सूचनापछि टोली गस्तीमा गएको थियो ।

# पुल निरीक्षणका लागि पुगेका भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालसँग स्थानीयद्वारा आक्रोश

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २४ जेठ**




पूर्व-पश्चिम हुलाकी राजमार्ग अन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीमाथिको बहुचर्चित पुल निरीक्षणका लागि पुगेका भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालसँग स्थानीयले आक्रोश व्यक्त गरेका छन् ।

शनिबार साँझ पुलस्थल पुगेर निर्माणको अवस्थाबारे निरीक्षण गरेका मन्त्री लम्सालले काम छिटो सम्पन्न गर्न सम्बन्धित पक्षलाई निर्देशन दिएका थिए। तर पुल निर्माण कहिले पूरा हुन्छ, पुरानै संरचनालाई निरन्तरता दिइन्छ वा नयाँ योजना ल्याइन्छ भन्ने विषयमा स्पष्ट धारणा सार्वजनिक नगरेको भन्दै स्थानीय युवाले विरोध जनाएका हुन् ।

स्थानीयका अनुसार पुल निर्माणको भविष्यबारे प्रश्न गर्दा मन्त्रीबाट ठोस जवाफ नआएपछि केही युवाले नाराबाजी गरेका थिए । मन्त्रीको टोली फर्किने क्रममा 'फोटो खिचाउन मात्र होइन, जवाफ पनि दिनुपर्छ' र 'मधेशलाई उपेक्षा गर्न पाइँदैन' लगायतका नारा लगाइएको थियो ।

करिब १५ वर्षदेखि अलपत्र रहेको कमला पुलको अवस्था बुझ्न यसअघि पनि विभिन्न प्रधानमन्त्री र मन्त्रीहरू पटक-पटक पुगेका भए पनि निर्माण कार्य अझै पूरा हुन सकेको छैन । स्थानीयवासीले यसपटक पनि मन्त्रीबाट स्पष्ट कार्ययोजना नआएको भन्दै निराशा र असन्तुष्टि व्यक्त गरेका छन् । हुलाकी कमला पुल संघर्ष समितिका संयोजक इन्जिनियर प्रविन यादवले मन्त्री लम्सालले 'हामी बोल्न होइन, काम गर्न आएका हौं, काम गरेर देखाउँछौं' भनेको बताए । तर पुल निर्माणको समयसीमा र योजनाबारे कुनै ठोस प्रतिबद्धता नआएपछि स्थानीय आक्रोशित बनेका हुन् । जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठकले मन्त्रीको निरीक्षणपछि सामान्य नाराबाजी भएको स्वीकार गरे । तर सवारीमा कुनै अवरोध नभएको उल्लेख गर्दै उनले मन्त्रीको सवारी फर्किने क्रममा बाटो व्यवस्थापनका लागि प्रहरीले सामान्य सहजीकरण गरेको बताए ।

# कर्मचारीतन्त्रप्रतिको जनचाहना



-राजनीतिक नेतृत्व परिवर्तन भए पनि नीति कार्यान्वयन र सेवा प्रवाहको मुख्य जिम्मेवारी कर्मचारीतन्त्रको काँधमा रहन्छ । इतिहासमा कर्मचारीतन्त्र शासकमुखी र केन्द्रीकृत भए पनि पछिल्ला सुधारले समावेशीकरण, विकेन्द्रीकरण र व्यावसायिकतालाई प्राथमिकता दिएको छ । तर, अझै राजनीतिक हस्तक्षेप, भ्रष्टाचार र परम्परागत कार्यशैलीका कारण कर्मचारीतन्त्रले जनअपेक्षा अनुसारको सेवा दिन सकेको छैन। आवधिक निर्वाचनमार्फत राजनीतिक दलबाट निर्वाचित जनप्रतिनिधिहरू आउँछन्, जान्छन् । उनीहरूको मुख्य काम नीति, नियम र कानुन बनाउने तथा बजेट विनियोजन गर्नेमा सीमित हुन्छ । तर, ती नीति र योजनालाई यथार्थमा परिणत गर्ने, कार्यान्वयन गर्ने र दूरदराजका जनताको ढोकासम्म पुऱ्याउने काम कर्मचारीतन्त्रको हो । राजनीतिक नेतृत्व पाँच वर्षमा फेरिन सक्छ तर एउटा कर्मचारी २० देखि ३० वर्षसम्म निरन्तर सेवामा रहन्छ । त्यसैले त भनिन्छ, 'राजनीतिक व्यवस्था फेरिएला, तर कर्मचारीको आधारभूत भूमिका र आवश्यकता कहिल्यै फेरिँदैन ।'

कुनै पनि राष्ट्रको शासन व्यवस्था सफल वा असफल हुनुमा त्यहाँको कर्मचारीतन्त्रको कार्यक्षमताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । राज्यका नीति र कानुन जतिसुकै उत्कृष्ट भए पनि त्यसलाई कार्यान्वयन गर्ने प्रशासनिक संयन्त्र कमजोर भयो भने ती केवल कागजका पानामा सीमित हुन्छन् । सक्षम, इमानदार, अनुशासित र जनउत्तरदायी कर्मचारी भएमा मात्र मुलुकमा सुशासन कायम हुन सक्छ । सुशासनले मात्र राज्यप्रति नागरिकको विश्वास बलियो बनाउँछ । राणा शासनमा राज्य सञ्चालनको सम्पूर्ण शक्ति राणाहरूको पारिवारिक घेराभित्र सीमित भएकाले तत्कालीन कर्मचारी प्रशासन पनि उनीहरूको सत्ता टिकाउने र पारिवारिक हित रक्षा गर्ने औजारका रूपमा मात्र विकसित भयो ।

त्यसबेला कर्मचारीको नियुक्ति, पदोन्नति र निरन्तरता योग्यताभन्दा बढी शासकप्रतिको अन्धभक्ति, वंशीय पहुँच र चाकडी प्रथाको आधारमा तय हुन्थ्यो । 'श्री ३ महाराज' नै प्रशासनको सर्वोच्च केन्द्र थिए । राज्यका प्रमुख प्रशासनिक, सैनिक तथा न्यायिक पदहरूमा राणा परिवारकै सदस्य रोलक्रमका आधारमा नियुक्त हुन्थे । यसले कर्मचारीतन्त्रलाई जनताप्रति नभई शासकप्रति उत्तरदायी बनाएको थियो । राणाकालीन कर्मचारी संरचनामा प्रधानमन्त्रीपछिका काजी, सरदार, भारदार, सुब्बा र बडाहाकिम नै शासनका हर्ताकर्ता थिए । त्यसबेला प्रशासन र न्यायबीच कुनै स्पष्ट शक्ति पृथकीकरण थिएन । एउटै व्यक्तिले कार्यकारी अधिकार पनि प्रयोग गर्थ्यो र न्यायिक निर्णय पनि सुनाउँथ्यो । विशेषगरी जिल्लामा नियुक्त हुने 'बडाहाकिम' लाई असीमित अधिकार दिइएको हुन्थ्यो । उनीहरूले सरकारी आदेश कार्यान्वयन गर्ने, कर उठाउने, शान्तिसुरक्षा कायम गर्ने र मुद्दामामिलाको फैसला गर्ने कामसमेत एकैसाथ गर्थे । राणा शासन मूलतः सैनिक शक्तिमा आधारित भएकाले नागरिक प्रशासनमा पनि सैनिक प्रकृतिको कडा कमान्ड र अनुशासन हाबी थियो । रास्वपा सरकारको काँधमा कर्मचारीतन्त्रलाई निष्पक्ष र व्यावसायिक बनाउने ऐतिहासिक जिम्मेवारी आएको छ ।

त्यसका लागि सरकारले राजनीतिक हस्तक्षेपको पूर्ण अन्त्य गर्नु जरुरी छ ।२००७ सालको क्रान्तिले राणा शासनको अन्त्य गरेपछि नेपालमा आधुनिक प्रशासनको जग बस्न सुरु भयो । तर, २०१७ सालमा तत्कालीन राजा महेन्द्रले निर्वाचित सरकार भंग गरी दलविहीन पञ्चायती व्यवस्था लागू गरेपछि प्रशासनिक संरचनाले पुनः नयाँ मोड लियो । २०१७ देखि २०४६ सम्मको यो झन्डै तीन दशक लामो शासन प्रणाली एकदलीय र राजतन्त्र केन्द्रित थियो । पञ्चायतकालमा कर्मचारी प्रशासनलाई सामन्ती स्वरूपबाट केही आधुनिक र संस्थागत रूपतर्फ लैजाने प्रयास त गरियो तर यसको मूल आत्मा अझै पनि 'राजामुखी' र केन्द्रीकृत नै रह्यो ।

कर्मचारीतन्त्रलाई 'राजा, राष्ट्र र पञ्चायत' को मूल आदर्श तथा नीति कार्यान्वयन गर्ने प्रमुख माध्यमका रूपमा प्रयोग गरियो । केन्द्रमा सिंहदरबारलाई मुख्य प्रशासनिक केन्द्र बनाएर विभिन्न विषयगत मन्त्रालय विस्तार गरियो । सचिव, सहसचिव, उपसचिव र शाखा अधिकृत जस्ता आधुनिक पदको विकास यसै कालखण्डमा सुदृढ भएको हो । पञ्चायतकालको सबैभन्दा ठूलो प्रशासनिक विशेषता भनेको देशलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नकक हो । जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारी र अञ्चलहरूमा अञ्चलाधीश मार्फत शासन चलाइयो । अञ्चलाधीश राजाका सिधा राजनीतिक प्रतिनिधिका रूपमा शक्तिशाली हुन्थे भने सीडीओले शान्तिसुरक्षा, विकास र प्रशासनिक समन्वयको कमान्ड सम्हाल्थे । गाउँ, नगर र जिल्ला पञ्चायतका राजनीतिक संरचना बनाइए पनि वास्तविक शक्ति कर्मचारी प्रशासन र दरबार केन्द्रित संयन्त्रकै हातमा हुन्थ्यो ।

यो अवधिमा केही महत्त्वपूर्ण संस्थागत सुधार पनि भए । लोक सेवा आयोगलाई संवैधानिक रूपमा सक्रिय बनाइयो । यससँगै खुला प्रतिस्पर्धामार्फत कर्मचारी छनोट गर्ने प्रणालीले व्यापकता पायो । निजामती सेवा ऐन र नियमावली लागू गरेर कर्मचारीको सेवा, सुविधा, वृत्ति विकास र अनुशासनलाई कानुनी दायरामा ल्याउने प्रयास गरियो । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जस्ता संस्था स्थापना भई कर्मचारीलाई व्यावसायिक तालिम दिन थालियो ।

शिक्षा र प्राविधिक दक्षताको विस्तारसँगै निजामती सेवामा विभिन्न विशिष्टीकृत सेवा समूहहरू (इन्जिनियरिङ, वन, कृषि, न्याय आदि) को उदय भयो । २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातन्त्रको पुनःस्थापना गरेपछि ब्युरोक्रेसीको सिद्धान्तमा ठूलो परिवर्तन आयो । अब कर्मचारीलाई शासकको सेवक होइन, कानुनी शासनको परिधिभित्र रहेर नागरिकको सेवा गर्ने व्यावसायिक र तटस्थ संयन्त्रका रूपमा परिभाषित गरियो । कर्मचारीतन्त्रलाई थप पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउन प्रशासनिक सुधारका विभिन्न आयोग गठन गरिए । खुला प्रतिस्पर्धालाई अझ परिमार्जित गरियो र योग्यता प्रणालीलाई नै सेवा प्रवेशको एक मात्र माध्यम बनाइयो । मन्त्रालय र विभागहरूलाई जनमुखी सेवा प्रवाहका आधारमा पुनःसंरचना गरियो । प्रजातान्त्रिक कालखण्डमा कर्मचारीमा अत्यधिक राजनीतीकरण र दलीय प्रभाव रह्यो । राजनीतिक अस्थिरता र बारम्बार सरकार परिवर्तन हुने प्रवृत्तिका कारण कर्मचारीतन्त्रलाई आफ्नो स्वार्थ अनुकूल परिचालन गर्ने होडबाजी दलहरूबीच चल्यो । सरुवा, बढुवा र आकर्षक पोस्टिङका लागि राजनीतिक नेतृत्वको दैलो चहार्ने र दलगत ट्रेड युनियनहरू स्थापना गरेर प्रशासनभित्रै गुटबन्दी गर्ने विकृतिको सुरुआत भयो । यसले कर्मचारीको मनोबल, व्यावसायिकता र निष्पक्षतामाथि ठूलो प्रहार गऱ्यो । २०६३ सालको परिवर्तनको जगमा निर्माण भएको २०७२ को संविधानले देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गरेपछि कर्मचारीतन्त्रको संरचनामा ठूलो पुनःसंरचना भयो । अहिले नेपालको प्रशासनिक संयन्त्र संघ, प्रदेश र स्थानीय तह गरी तीनवटा तहमा विभाजित छ । वर्तमान व्यवस्थाको सबैभन्दा ठूलो उपलब्धि भनेको समावेशीकरण र विकेन्द्रीकरण हो । निजामती सेवालाई नेपालको सामाजिक विविधता अनुरूप बनाउन महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम र पिछडिएका क्षेत्रका लागि आरक्षणको व्यवस्था गरियो । यसले प्रशासनलाई बढी समावेशी र प्रतिनिधित्वमूलक बनाएको छ । 'सिंहदरबारको अधिकार गाउँगाउँमा' पुऱ्याउने संवैधानिक संकल्पअनुसार स्थानीय तहमा कर्मचारीको उपस्थिति बढेको छ । वर्तमानमा ई-गभर्नेन्स, डिजिटल बैंकिङ, अनलाइन राहदानी तथा नागरिक बडापत्र जस्ता प्रविधिको प्रयोगले सेवा प्रवाहलाई केही सहज र पारदर्शी बनाउने प्रयास भइरहेको छ । यति हुँदाहुँदै पनि वर्तमान कर्मचारीतन्त्र गम्भीर चुनौतीहरूको चक्रव्यूहमा फसेको छ । जस्तो कि, राजनीतिक हस्तक्षेप र अस्थिरता, भ्रष्टाचार र विचलन तथा परम्परागत कार्यशैली कर्मचारीतन्त्रका समस्या हुन् । २१ फागुनको निर्वाचनपछि सुशासनको बहसले तीव्रता पाएको छ । यसै सन्दर्भमा, रास्वपा सरकारको काँधमा कर्मचारीतन्त्रलाई निष्पक्ष र व्यावसायिक बनाउने ऐतिहासिक जिम्मेवारी आएको छ ।

त्यसका लागि सरकारले राजनीतिक हस्तक्षेपको पूर्ण अन्त्य गर्नु जरुरी छ । त्यस्तै, पूर्ण डिजिटल प्रशासन, कडा जवाफदेहिता र दण्डहीनताको अन्त्य तथा नैतिकता र आचरणको विकासमा जोड दिनुपर्छ । जनता चाहन्छन्, सरकारी कार्यालयमा जाँदा 'सोर्स' चाहिने अवस्था नहोस्, घूस बुझाउनु नपरोस् र एउटै कामका लागि महिनौंसम्म धाउनु नपरोस् । कर्मचारीहरू जनताका सेवक हुन् भन्ने मान्यता केवल भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ । सक्षम, स्वच्छ, पारदर्शी र उत्तरदायी कर्मचारीतन्त्रबिना लोकतन्त्र बलियो हुन सक्दैन । तसर्थ, कर्मचारीतन्त्रलाई राजनीतिक स्वार्थभन्दा माथि उठाएर मुलुकको समृद्धिको सच्चा इन्जिन बनाउनु नै आजको आवश्यकता हो । जबसम्म कर्मचारीतन्त्रले नागरिकको मन जित्न सक्दैन, तबसम्म राज्यले विकासको लय समात्न सक्दैन ।

**साभार : कान्तिपुर ।**







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday